# हराएछन् देवकोटा *यादव खरेल*

## अखण्ड भण्डारी

मलाई थाहा थिएन- महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनी झल्काउने दृश्य सामग्री पाउनै मुस्किल पर्छ भन्ने । त्यसैले उनै महाकविबारे वृत्तचित्र बनाउन हात हालें । गर्दै-भन्दै जाँदा थाहा भयो- त्यत्रो योगदान भएका साहित्यकारलाई इतिहासले हराइसकेछ । हामीले उनलाई फालिसकेछौं ।

वृत्तचित्र बनाउन थालेको एक वर्ष भयो । यसबीच तीन चोटि सम्पादन गरें । तीनै चोटि भत्काएँ । यसको कारण हो- कसै गर्दा पूरा नहुनु । देवकोटालाई चिनाउने सामग्री दशतिर धाउँदा पनि जुटाउन सकिनँ । उनकै सक्रियतामा खुलेको एकेडेमी (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) पुगें । उनले ठूलो योगदान पुऱ्याएको नेपाली भाषा प्रकाशिनी समिति गएँ । भान्जा-भान्जी, मावली, ससुराली, दाजु-भाइ, भतिजा-भतिजी सबै आफन्तका ढोका ढकढक्याएँ । तर, उनलाई चिनाउनेसम्म सामग्री कसैले उपलब्ध गराउन सकेनन् ।

महाकविसँग सम्बन्धित जे खोज्यो, सरक्कै पाइन्छ भन्ने मलाई लाग्थ्यो । तर, त्यो भ्रम रहेछ । अरू त कुरै नगरूँ, उनले लेखेका सबै किताबसमेत कुनै लाइब्रेरीमा पाइनँ । महत्त्वपूर्ण दिन र घटनाका तस्वीर छँदै छैनन् भन्दा पनि हुन्छ । जहाँ-जहाँ पुगें, सबैले सक्दो सहयोग गरे । उनीहरूले पनि हुँदै नभएका वस्तु कसरी दिनु !

सुन्दै अचम्म ! देवकोटाले लेखेका किताबको एकतिहाइ पनि एकेडेमीसँग रहेनछ । त्रिभुवन विश्वविद्यालयको पुस्तकालयले आधा पनि राख्न सकेको रहेनछ । मदन पुरस्कार पुस्तकालयमा पनि थुप्रै भेटिएनन् । उनका आधा दर्जन किताब अझै जुटाउन सकेको छुइनँ । ती पाउने आशै मरिसक्यो ।

त्यति बेला दृश्य मात्र होइन, श्रव्य तस्वीर खिच्ने प्रचलन र प्रविधि राम्रैसँग भित्रेको थियो । तर, देवकोटाका विशेष अवसरका तस्वीरसम्म सुरक्षित छैनन् । बिहेको एउटै तस्वीर छैन । मन्त्री हुँदाको छैन । एकेडेमीमा संलग्नता देखाउने छैन । उनको सफलताको श्रेय दिनुपर्ने दाजु लेखनाथको छैन । यस्ता थुप्रै तस्वीर कतै पाइँदैनन् ।

समकक्षी राजनीतिज्ञहरूका जति बेला जे खोज्यो, त्यही भेट्न सकिन्छ । देवकोटालाई हेरिदिने, जोगाइदिने कोही रहेनछ । राजनीतिकेन्द्रित संस्कार यसको कारण हुनुपर्छ । अहिलेसम्म मिडियाले त्यही राजनीति छाप्छन् । गैरराजनीतिक विषय र प्रतिभा इतिहासदेखि ओझेलमा परेका पर्‍यै छन् ।

विधागत विविधता, परिमाण र गुणात्मकता हरेक दृष्टिले देवकोटा साहित्यका महासागर हुन् । यस्ता व्यक्तित्वको जीवनी, लेखन प्रवृत्ति तथा योगदान चिनाउन धान्ने सामान हामीसँग रहेनछन् । हरेक पाटोका प्रमाण समेटेर जीवन्त वृत्तचित्र बनाउन मैले चाहेको थिएँ । त्यस्ता सामग्री नपाएपछि उनलाई चिनेजानेका व्यक्तिको अन्तर्वार्ताको सहारा लिनुपऱ्यो ।

हो, मैले अन्तर्वार्ता राखेर वृत्तचित्र बनाउँछु भन्ने सोचेकै थिइनँ । तर, त्यसै गर्न बाध्य भएँ । शैक्षिक आन्दोलन र गतिविधिबारे उनकै चेला नरसिंहबहादुर सिंहको अन्तर्वार्ता राखेको छु । नेपाली भाषा प्रकाशिनी समितिबारे सहकर्मी वासुदेव शर्मा लुइँटेल, राजनीतिक पाटोमा नरेन्द्र रेग्मी, प्रवास जीवनमा इन्द्रबहादुर राई, बालकविता तथा गीतसम्बन्धी माधव घिमिरे र परिवारबारे भाइ प्रा. मित्रनाथलाई बोल्न लगाएको छु । सम्झँदा दुःख लाग्छ, कति दरिद्र छौं हामी ! कति निरीह छौं हामी ! अनि, कति पापी रहेछौं हामी !

सामग्री जुटाउन महाकविका जेठा छोरा डा. पदम र भाइ मित्रनाथले बडो सहयोग गर्नुभयो । अरू धेरैको साथ पाएँ । तर, अपूरा किताब र ६०-६५ वटाजति तस्वीर हात लागेका छन् । रूसमा गएर भाषण गरेका सामग्रीबारे उता पनि सम्पर्क गरें । अमेरिकामा अर्को एउटा क्यासेट छ भनेर त्यहाँको कंग्रेस लाइब्रेरीमा प्रयास गरें । तर, कतै केही भेटिएनन् ।

प्रचारमा आउन नचाहने देवकोटाको बानी, तत्कालीन परिस्थिति, लेखकमाथि हुने अन्याय तथा सम्बन्धित निकायको बेवास्ता देवकोटा हराउनुका कारण हुन् । तरिका यही हो, यस्ता धेरै व्यक्तित्व हराएका छन् । अझै हराउूछन् ।

संयोग अनि खुसी मान्नुपर्छ- देवकोटाले अन्तिम अवस्थामा शान्तभवन अस्पतालमा बोलेको रेकर्ड पाएको छु । कम गुणस्तरको भए पनि यसलाई ठूलो उपलब्धि मान्नुपर्छ । कृतिका उद्धरण पनि राम्रै समेटेको छु । 'कुन्जिनी', 'मुनामदन' आदि कृतिका अंश तथा 'यात्री', 'पागल' जस्ता कविता उपयोग गरेको छु ।

हुन त यस्तो विषयमा व्यापार छैन । त्यसैले अन्याय भएको हुनसक्छ । मलाई राम्रो याद छ- चलचित्र 'आदिकवि भानुभक्त' बनाउन जसले सहयोग गरेन, उसैले गाली गर्‍यो । राष्ट्रिय व्यक्तित्वको इज्जत र संरक्षण छ भन्ने मेरो मोह भंग भएको छ । भविष्यमा यस्ता विषयमा हात हाल्दा सुरुमै ध्यान पुर्‍याउनेछु ।

अलिकति त हाम्रो संस्कार पनि दोषी छ । आलोचना गर्न तीन कान्ला तलसम्म झर्ने हामी सिर्जनात्मक काममा क्रियात्मक सहयोग गर्न तयार हूदैनौं । यो यसअघिका 'आदिकवि भानुभक्त' र 'श्री स्वस्थानी' बनाउूदै मैले भोगिसकेको थिएू । 'श्री स्वस्थानी' को सुटिङ गर्न जाूदा कतिपय धार्मिक संस्थाले सहयोग गर्न चाहेनन् । केही शक्तिपीठले मुर्‍याएर पैसा लिए । केहीले ढोकासमेत लाइदिए ।

(अखण्ड भण्डारीसंगको कुराकानीमा आधारित)

**पाण्डुलिपि नै गायब !**

प्रकाशन संस्था फेरबदलका क्रममा देवकोटाका केही कृतिका पाण्डुलिपि हराएको पुराना साहित्यकारहरूले बताएका छन् । साहित्यकार कृष्णचन्द्रसिंह प्रधानका अनुसार त्यस्ता केही कृति भेटिए पनि ४ वटा अझै फेला परेका छैनन् ।

तत्कालीन नेपाली भाषानुवाद परिषद्मा देवकोटाका केही पाण्डुलिपि थिए । त्यस्ता सामान, केही पुस्तक र नगदसमेत पछि नेपाली भाषा प्रकाशिनी समितिलाई बुझाइएको थियो । समिति साझा प्रकाशनमा रूपान्तरण हूदा ती सबै सम्पदा साझाले पायो, पाएन वा कसरी हराए अझै पत्ता नलागेको प्रधानले बताए ।

समितिसूग अन्तिम अवस्थामा ६ पाण्डुलिपि थिए । त्यसयता लामो समय हराएकामध्ये दुई वर्षअघि 'तिप्लिङ्गी' र यही साता 'तुषार वर्णन' छापिए । 'पछिल्लो कृति श्यामदास वैष्णवले उपलब्ध गराएको भनिएको छ । त्यो उहाूसूग कसरी पुगेको थियो, अरू ४ वटा के भए थाहा छैन,' प्रधान भन्छन् ।

'तुषार वर्णन' मै भूमिका लेख्दै वैष्णवले महाकविले लेखेको दिनदेखि नै उक्त कृति आफ्नो साथ रहेको उल्लेख गरेका छन् । प्रधान भने प्रकाशिनी समितिमा हराएकामध्ये उक्त कृति एक भएको दाबी गर्छन् । उनका अनुसार साझासूग अर्को एउटा पाण्डुलिपि पनि छ तर त्यो हराएकोमा पर्दैन ।

बनारस बस्दा देवकोटालाई पैसाको समस्या पर्‍यो । त्यही क्रममा एक प्रकाशक भेटिए । उनले प्रतिश्लोक ४ आना दिने सर्तमा देवकोटालाई लेख्न लगाए । उनले यति लेखिदिए- प्रकाशकलाई तिर्न धौ-धौ पर्‍यो । अन्तमा पारिश्रमिक २ आनामा झारियो । तर पनि देवकोटाले लेख्न छाडेनन् । '२०२७ सालतिर ती प्रकाशक देवकोटाका पाण्डुलिपि बेच्न यता आएको मैले सुनें । त्यति बेला म एकेडेमीमा थिएू । उनलाई खोजेर १० हजारमा केही पाण्डुलिपि किनें । ती अझै एकेडेमीमा प्लास्टिक कभर गरेर राखिएका छन्,' प्रधान भन्छन् । तिनै प्रकाशकले उपलब्ध गराएको पाण्डुलिपिबाट मोहनराज शर्माले 'कथक' प्रकाशन गरिदिएको उनले बताए ।

'देवकोटा जहाू जान्थे, जहाू बस्थे, जे सुन्थे- तत्काल लेख्थे,' प्रधान सम्झन्छन्- 'उनले कति लेखे, कहाू छोडे, कति हराए बेठेगान छ ।'